*" तपाईको सानो योगदान, घर आँगनमै सेवा प्रदान"*

## विकलाङ्ग मित्र समूह

## अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र,काभ्रे

## क्षेत्रीय पुनर्स्थापन केन्द्र, ईटहरी

# भवन निर्माण संक्षिप्त परिचय






सुविधा सम्पन्न अस्पतालको परिकल्पना भवन (अनुमानित लागत रु.१८ करोड)




प्रस्तावित र्‍याम्प सहितको पहुँचयुक्त भवन
इटहरी उपमहानगरपालिका वार्ड नं. १६

## विभिन्न प्रकारका शारीरिक अपाङ्गताका अवस्थाहरू :












# संक्षिप्त परिचयः HRDC



गरीब तथा अपाङ्ग बाल बालिकाहरुलाई प्राथमिकताका साथ उपचार तथा पुनर्स्थापन सेवा पुऱ्याउने उद्देश्य लिई ई.सन्. १९८५ को सेप्टेम्बर देखि संचालन भएको यो उपचार तथा पुनर्स्थापन कार्यक्रम ई.सन्. १९९२ देखी स्थानिय गैर सरकारी संस्था विकलाङ्ग मित्र समूहले पूर्ण जिम्मेवारी बहन गरी अ.वा.अ.पु.के. मार्फत उद्देश्य अनुरुपका सेवाहरु सञ्चालन गर्दै आएको छ । विकलाङ्ग मित्र समूह अपाङ्गता व्यवस्थापनमा क्रियाशील,गैर-राजनीतिक,गैर-धार्मिक, जातीय विभेद रहितको एउटा मुनाफारहित गैर सरकारी संस्था हो । यस संस्थाका अध्यक्ष प्रोफेसर डा.अशोक कुमार बाँस्कोटा ज्यू हुनुहुन्छ । देशका सबै जिल्लाका बाल बालिकाहरुलाई सेवा पुऱ्याएको यस अस्पतालले आफ्ना सेवाहरुलाई विकेन्द्रीकृत गर्दै लैजाने सोच अनुरुप ईटहरी, लहान, बुटवल र नेपालगञ्ज बाट सेवाहरु प्रदान गर्दै आईरहेको छ भने यसको केन्द्रिय कार्यालय काभ्रेको बनेपामा रहेको छ ।

## संस्थाको परिकल्पना (Vision)

समावेशी, सुझबुझ पूर्ण एवं जिम्मेवार समाजको श्रृजना जहाँ अपाङ्गता भएका बालबालिकाले समान अवसर तथा उच्च गुणात्मक जीवन उपभोग गर्छन् ।

## संस्थाको मिसन - मूललक्ष (Mission)

उपयुक्त उपचार तथा सशक्तिकृत वातावरणद्वारा अपाङ्गता भएका बालबालिकाको गुणात्मक जीवनका लागि समतामूलक पहुँच सुनिश्चित गर्ने ।

# HRDC, क्षेत्रीय पुनर्स्थापन केन्द्र, ईटहरी – एक परिचय

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रको सेवाको पहुँचलाई सहजरुपमा स्थानियस्तर सम्म पुऱ्याउने उद्देश्यले बि.स. २०६३ साल मंसिर १ गते पूर्वाञ्चलको इटहरीमा क्षेत्रीय कार्यालयको स्थापना गरिएको हो । यस क्षेत्रीय कार्यलयबाट छोटो अवधिमा नै पूर्वाञ्चलका १६ वटैं जिल्लाका गरिब तथा बिपन्न बर्गमा रहेका १९९६८ शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाइ स्वास्थ्य तथा पुनर्स्थापन घुम्ति शिविर, शल्यक्रिया शिविर, फिजियोथेरापी, सहायक उपकरण निर्माण र वितरण एवं गृह भेट जस्ता कार्यक्रम मार्फत ग्रामिण समुदाय स्तरका बालबालिकाहरुलाई बिभिन्न प्रकारका पुनर्स्थापन सेवा पुऱ्याई सकिएको छ । बालबालिकाहरुको जिवनमा आएको सकारात्मक परिवर्तको प्रत्यक्ष अनुभव गर्नुहुने ईटहरीका समाजसेवीहरुले यस संस्थालाई इटहरी उ.म.न.पा. वार्ड नं १६ स्थित ८ कठ्ठा ३ धुर जग्गा नि:शुल्क प्रदान गर्नु भएको छ ।

**यसै पुनर्स्थापन केन्द्र इटहरीको मुख्य क्रियाकलापहरु :**

- निशुल्क घुम्ति तथा शल्यक्रिया शिविरहरु संचालन ।
- सहायक उपकरणको नाप,निर्माण र वितरण
- गृह भेट तथा अनुगमन ।
- अपाङ्गता ब्यवस्थापन तथा न्यूनीकरणको लागी जनचेतना मुलक कृयाकलापहरु ।
- पैतला भित्र फर्किएकाहरुको प्रभावकारी उपचार ।
- सरकारी तथा बिभिन्न सरोकारवाला निकाय संग समन्वय ।



हालको अवस्थाको लागि परिकल्पीत अस्थाई भवनको एक नमुना

(अनुमानित लागत रु.६० लाख)

## मान्यता र सिद्धान्तहरु (Values / Principles)

- उच्च स्तरको सुझबुझपूर्ण सेवा ।
- सामाजिक,आर्थिक एकीकरणका लागि सवलिकृत वातावरण श्रृजनामा सहयोग ।
- पारदर्शिता र जिम्मेवारीको सम्बृद्धी एवं सुचनाको अधिकारमा सन्तुलन।
- मानवअधिकार र सामाजिक सुरक्षाका आधारभूत सिद्धान्तको अवलम्बन ।
- सरोकारवालाहरुसँग साझेदारी तथा सञ्जालिकरण ।
- गोपनियताको सम्मान ।
- आवधिक लेखाजोखा गरी सेवामा सुधार ।
- समभाव र विविधताको सम्मान ।

## उपचार हुने शारीरिक अपाङ्गताका अवस्थाहरु :

- जन्मजात वा पछि खुट्टाको पैतला भित्र/बाहिर फर्केको ।
- हात/खुट्टा भाँचिएर बाङ्गो भएको वा हड्डी नजोडिएको
- जन्मजात वा चोटपटकबाट हिप ज्वाइन्ट (Hip Joint) खुस्किएको ।
- शरिरमा राखिएको स्टिल, पाता वा रड झिक्नु परेमा
- आगोले पोलेर अंगहरु एक-आपसमा टाँसिएको ।
- ढाड बाङ्गो वा कुप्रो भएको ।
- हड्डी पाकेर लामो समय देखि पिप बगीरहने ।
- औंलाहरु एक-आपसमा टासिएको वा थप औंला भएको
- जोर्नीहरु दुखेको, सुन्निएको, बाङ्गीएको वा खुस्किएको ।
- हिड्दा घुँडा जोडिने/आपसमा ठोक्किने/भित्र/बाहिर फर्केको ।
- कृतिम अंग र सहायक उपकरणहरुको आवश्यकता भएमा ।
- अन्य हाड-जोर्नी संग सम्बन्धित समस्याहरु ।

**सन २००६ नोवेम्वर, इटहरीमा क्षेत्रीय पुनर्स्थापन केन्द्रको स्थापना गरिए पश्चात हाल सम्म गरिएका मुख्य मुख्य उपलब्धीहरु :**

| क्र.सं. | क्रियाकलाप | लाभावित संख्या | केटा | केटी |
|---|---|---|---|---|
| १ | नि:शुल्क स्वास्थ्य शिविर | १२३५४ | ७२५६ | ५०७६ |
| २ | नि:शुल्क शल्यक्रिया शिविर | ५२४ | ३१६ | २०८ |
| ३ | जन्मदै खुट्टा बाङ्गो भएकाहरुको उपचार | ५७० | ४१८ | १५२ |
| ४ | गृह भेट तथा अनुगमन मार्फत | २२०७८ (१५१५५ फलोअप) | १४०१८ | ८०६० |
| ५ | जनचेतना मुलक कार्यक्रम | १९३५२ | १०३०७ | ९०४५ |
| ६ | सहायक उपकरण वितरण | ५०२० | - | - |
| ७ | ट्राइसाईकल र व्हिलचेयर वितरण | ११० | - | - |
| ८ | जटिल प्रकारको शल्यक्रियाको लागि HRDC बनेपा पठाईएको संख्या | २२१३ | १३३३ | ८८० |

श्रोत :- HRDC, क्षेत्रीय पुनर्स्थापन केन्द्र ईटहरी

**यस अस्पताल द्वारा पूर्वाञ्चल (प्रदेश १ र २) मा सेवा पुऱ्याइएका र सेवा पुऱ्याउन बाकि रहेका १८ वर्ष सम्मका शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क :-**

| जिल्ला | शारीरिक अपाङ्गता भएका बालबालिकाहरु | यस अस्पताल द्वारा हाल सम्म सेवा पुऱ्याईएको बालबालिकाहरु | केटा | केटी | उपचार पुऱ्याउन बाँकी रहेका बालबालिकाहरु |
|---|---|---|---|---|---|
| सुनसरी | ३७३३ | ८३० | ५१२ | ३१८ | २९०३ |
| मोरङ्ग | ४५७८ | १०१७ | ६११ | ४०६ | ३५६१ |
| झापा | ३८६७ | ८९९ | ५२० | ३७९ | २९६८ |
| इलाम | १३३७ | २९५ | १८४ | १११ | १०४२ |
| पाँचथर | ८६२ | १४७ | ९४ | ५३ | ७१५ |
| ताप्लेजुङ्ग | ५७३ | ९३ | ५२ | ४१ | ४८० |
| धनकुटा | ७४२ | १८५ | ११३ | ७२ | ५५७ |
| तेह्रथुम | ४४८ | २०१ | ११७ | ८४ | २४७ |
| संखुवासभा | ६९७ | ३३९ | २१० | १२९ | ३५८ |
| भोजपुर | ७४७ | ३४५ | २०८ | १३७ | ४०२ |
| सोलुखुम्बु | ४६१ | २७३ | १७४ | ९९ | १८८ |
| ओखलढुङ्गा | ६६४ | ४०१ | २४७ | १५४ | २६३ |
| खोटाङ | ८३९ | २७४ | १६७ | १०७ | ५६५ |
| उदयपुर | १४९८ | ३७८ | २३४ | १४४ | ११२० |
| सप्तरी | ३००० | ५९६ | ३९९ | १९७ | २४०४ |
| सिराहा | २९८० | ६५० | ४४३ | २०७ | २३३० |
| जम्मा | २७०२६ | ६९२३ | ४२८५ | २६३८ | २०१०३ |

स्रोत :- माथिका तथ्याङ्क हिसाब गर्दा राष्ट्रिय जनगणना २०६८ को व्यापकता प्रयोग गरिएको।

## जग्गा दानको सम्बन्धमा :-

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रको उद्देश्य नै गरिब तथा पछाडी पारिएका, राज्यको श्रोत साधन माथि पहुँच लिन नसकेका विपन्न बर्गका शारीरिक अपाङ्गता भएका बालबालिका हरुलाई यथा सम्भव उनिहरुकै समुदायमा पुनर्स्थापित गर्ने रणनिती अनुरुप पूर्वाञ्चलको (प्रदेश १ र २) ईटहरी- आइतबारे बाट वि.स.२०६३ मंशिर १ मा सेवा शुभारम्भ गरेपछी यस ईटहरी क्षेत्रमा पूर्वका १६ वटै जिल्लाबाट बालबालिकाहरु उपचारको लागी आउन थाले र हालसम्म १९९६८ ले सेवा उपभोग गरि सकेका छन् । सेवा पश्चात बालबालिकाहरुमा आएको परिवर्तन प्रत्यक्ष अनुभव गर्नु भै इटहरी निवासी समाजसेवी एव नागरिक समाज ईटहरीका वरिष्ठ उपाध्यक्ष श्री दिनेश रसाईली ज्यू को सक्रिय पहलमा इटहरी उ.म.न.पा. वार्ड नं १६ स्थित ८ कट्ठा ३ धुर जग्गा यस संस्थाको नाँउमा नि:शुल्क पास गरिदिनु भयो ।

यस अस्पताल लाई प्रदेश नं १ कै नमुना पुनर्स्थापन केन्द्रको रुपमा बिकाश गर्नको लागी स्थानीय समाजसेवी, बुद्धिजिवी, राजनितिज्ञ, ब्यापारी, नागरिक समाज लगायत सरोकारवाला सबैलाई संलन्न गरी मिति २०७३ साल पौष २९ गते विकलाङ्ग मित्र समूहका अध्यक्ष प्रोफेशर(डा.) अशोक कुमार बाँस्कोटा ज्यू र तत्कालिन माननिय सांसद श्री रेवती रमण भन्डारीज्यूको समुपस्थितीमा भवन निर्माण समितिको गठन भइसकेको छ ।

## भवन निर्माण समितिको नामावली:-

- अध्यक्ष : श्री दिनेश रसाईली ।
- उपाध्यक्ष : श्री राम चन्द्र आर्चाय ।
- सदस्य सचिब : श्री मधु सुदन अधिकारी (HRDC)
- महासचिब : श्री देवी वहादुर बस्नेत ।
- कोषाध्यक्ष : श्री उत्तम गुरुङ्ग
- सदस्य (पदेन): श्री कमलेष पौडेल (नागरिक समाज)
- सदस्य (पदेन): श्री लिलम बस्नेत (उद्योग बाणिज्य संघ)
- सदस्य (पदेन): श्री इटहरी उपमहानगरपालिका
- सदस्य : श्री राजेश श्रेष्ठ
- सदस्य : श्री राम नारायण राउत
- सदस्य : श्री प्रेम बहादुर बस्नेत
- सदस्य : श्री लोकनाथ भट्टराई
- सदस्य : श्री कमला मास्के,सुन्दरहरैचा, मोरङ
- सदस्य : श्री दिनेश भट्टराई
- सदस्य : श्री रोशन भट्टराई
- सदस्य : श्री राममाया थापा, शिवसतासी ८, झापा
- सदस्य (पदेन): डा.विवेक बाँस्कोटा, कार्यकारी निर्देशक HRDC ( वरिष्ठ हाडजोर्नि तथा नशारेग बिशेषज्ञ )
- सदस्य (पदेन): विकाश मान शिंह, निर्देशक HRDC
- सदस्य (पदेन) : कृष्ण प्रसाद भट्टराई, वरिष्ठ सल्लाहकार HRDC\

संरक्षण : प्रो.(डा).अशोक कुमार बाँस्कोटा, अध्यक्ष, विकलाङ्ग मित्र समुह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र

## भवन निर्माण सम्बन्धि हाल सम्म भएका उपलब्धिहरु :-

- संस्थाको नाउँमा जग्गा रजिष्ट्रेशन पास ।
- कम्पाउण्ड वालको लागि उपमहानगरपालिका द्वारा नक्सा स्वीकृत ।
- स्थानिय पहलमा गोष्ठीहरु पटक पटक संचालन ।
- जग्गामा कम्पाउण्ड वाल लगाउने कार्य सम्पन्न र उपमहानगर पालिका द्वारा निर्माण सम्पन्नताको प्रमाण पत्र प्रदान ।
- भवनको इन्जिनियरिङ्ग डिजाइन सम्पन्न ।
- स्थानीय व्यक्तित्वहरुको संलग्नतामा भवन निर्माण समिति गठन ।
- भवन निर्माण समितिको नाँउमा छुट्टै बैंक खाता संचालन ।
- सहयोगको लागी २०७५ मा ईटहरी उपमहानगर पालिकामा प्रस्तावना पेस ।

## भवन निर्माण सम्बन्धमा भए गरेका गतिविधीका एक झलक :



दानविर जग्गा दाता श्री दिनेश रसाईली तथा श्री उद्धव राईज्यूहरुले जग्गाको प्रमाण पत्र संस्थाका तत्कालिन कार्यकारी निर्देशक तथा महासचिबलाई श्री कृष्ण प्रसाद भट्टराईज्यू लाई हस्तान्तरण गर्दै।

## भवन निर्माण सम्बन्धमा भए गरेका गतिविधीका एक झलक :



जग्गाको ४ किल्ला छुट्याउने कार्यमा भवन निमार्ण समितिका अध्यक्ष श्री दिनेश रसाईली को साथमा HRDC का वरिष्ठ सल्लाहकार श्री कृष्ण प्रसाद भट्टराई लगाएत HRDC कै अन्य टिमहरु

## भवन निर्माण सम्बन्धमा आयोजित गोष्ठीहरुको एक झलक:



२०७० सालमा आयोजित गोष्ठीमा दातृ निकाय प्लान नेपाल सुनसरी/मोरङ्गको म्यानेजर श्री कलावती चोङ्बाङ ज्यूबाट शुभकामना मन्तव्य राख्नुहुदै, उक्त गोष्ठीमा सुनसरीका तत्कालिन प्र.जि.अ.श्री रवीलाल पन्त ज्यूको गरिमामय उपस्थिती थियो ।




२०७३ मा इटहरीको पि.एण्ड आर. पार्टी प्यालेसमा आयोजित श्रोत व्यवस्थापन सम्बन्धी गोष्ठीमा प्रो.(डा.)श्री अशोक कुमार बाँस्कोटाज्यू (बिचमा) को साथमा सुनसरी जिल्लाका तत्कालिन प्र.जि.अ.श्री लोकनाथ पौडेल (बाँया) र तत्कालिन सांसद श्री रेवती रमण भण्डारीज्यू (दाँयाबाट)

## भवन निर्माण सम्बन्धमा आयोजित गोष्ठीहरुको एक झलकः



२०७३ मा इटहरीको पि.एण्ड आर. पार्टी प्यालेसमा आयोजित श्रोत व्यवस्थापन सम्बन्धी गोष्ठीमा अस्पतालको बारेमा जानकारी दिनुहुँदै HRDC का मेडिकल डाइरेक्टर, कार्यकारी निर्देशक एवं वरिष्ठ हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.श्री विवेक बाँस्कोटाज्यू ।




२०७४ सालमा इटहरीको कुमारी होटलमा आयोजित श्रोत व्यवस्थापन सम्बन्धी गोष्ठीमा उपस्थित नागरिक समाजका अध्यक्ष श्री कमलेस पौडेल, भवन निमार्ण समितिको अध्यक्ष श्री दिनेश रसाईली, उपाध्यक्ष श्री राम चन्द्र आचार्य र HRDC का वरिष्ठ सल्लाहकार श्री कृष्ण प्रसाद भट्टराई ।



२०७४ सालमा इटहरीको कुमारी होटलमा आयोजित श्रोत व्यवस्थापन सम्बन्धी गोष्ठीमा सहयोगको प्रतिबद्धता जनाउनुहुदै इटहरी उ.म.न.पा.का उपमेयर श्री लक्ष्मी गौतम, साथमा नगर प्रमुख श्री द्वारिक लाल चौधरीज्यू ।



२०७४ सालमा इटहरीको कुमारी होटलमा आयोजित श्रोत व्यवस्थापन सम्बन्धी गोष्ठीमा सहयोगको प्रतिबद्धता जनाउनुहुदै इटहरीका उद्योगी⁄ एवं समाजसेवी श्री राजेश श्रेष्ठज्यू ।



HRDC का निर्देशक श्री विकास मान सिंहज्यू भवन निर्माण सम्बन्धमा समितिसंगको अन्तरक्रिया कार्यक्रममा सम्लग्न (२०७५ साल) ।

## कम्पाउण्ड वाल सम्पन्नताको एक झलक :







कम्पाउण्ड वाल निर्माण गर्ने कार्य सम्पन्न पश्चात अनुगमन गर्नुहुदै इटहरी उ.म.न.पा.का मेयर श्री द्वारिक लाल चौधरी, उपमेयर लक्ष्मी गौतम, भवन निर्माण समितिका पदाधीकारीज्यूहरु र HRDC का वरिष्ठ सल्लाहकार श्री कृष्ण प्रसाद भट्टराईज्यू ।

प्रो.डा.अशोक कुमार बाँस्कोटा र डा.विवेक बाँस्कोटा विभिन्न जिल्लामा संलग्न नि:शुल्क शल्यक्रिया र स्वास्थ्य शिविरको एक झलक :-











भोजपुर जिल्लाको घोरेटार PHC मा नि:शुल्क स्वास्थ्य शिविर गर्न जादाको एक झलक : उक्त शिवरमा HRDC का कार्यकारी निर्देशक एवं वरिष्ठ हाडजोर्नि बिशेष्ज्ञ डा.बिबेक बाँस्कोटाज्यू द्वारा शिविरमा उपस्थित सम्पूर्ण बिरामीको स्वास्थ्य परिक्षण गर्नुका साथै न्यानो लुगा पनि बितरण गर्नु भएको थियो ।













*" तपाईको सानो योगदान, घर आँगनमै सेवा प्रदान"*

Hospital and Rehabilitation Centre for Disabled Children



**केन्द्रीय अस्पताल बनेपामा बहिरङ्ग (OPD) सेवा संञ्चालन हुने दिनहरू**

**प्रत्येक सोमवार, विहिवार र शुक्रवार**

अधिकारी गाउँ, उग्रतारा जनागाल, बनेपा ११, काभ्रे, नेपाल
पो.ब.न. ६७५७ काठमाण्डौं, नेपाल
फोन नं. (०११) ६६४३४० /६६१६६६/६६१८८८
Email: /adminhrdc@ntc.net.np
web site:www.hrdcnepal.org

**HRDC, क्षेत्रीय पुनर्स्थापन केन्द्र, इटहरीमा बालबालिकाहरुलाई अपाङ्गता परिक्षण र परामर्श गरिने दिनहरू :**

- अपाङ्गता परिक्षण : सोमबार र शुक्रबार
- प्लाष्टर लागाईने दिन : मंगलबार
- सहायक सामग्री नाप /मर्मत /उत्पादन : सोमबार देखि शुक्रबार सम्म

सम्पर्कको लागि :- ०२५-५८६५००

*नोट : शनिबार र आईतबार बन्द रहनेछ ।

**सहयोगको लागि हाम्रो बैंक खाता नं.:**

बैंकको नाम : नेपाल इन्भेष्टमेन्ट बैंक लि., ईटहरी, शाखा
खाताको नाम : एफ्.ओ.डी./एच्.आर.डी.सी. इटहरी कन्स्ट्रक्सन्
खाता नं. : ०४५०२०५०२५००५४